# प्रदेश राजपत्र

**सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित**

**खण्ड ६) धनगढी, नेपाल, वैशाख २२ गते, २०७९ साल (अतिरिक्ताङ्क ३**

## भाग १

सुदूरपश्चिम प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधानको धारा १७६ बमोजिमको सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७९ सालको ऐन नं. २

## दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

प्रस्तावना: हरेक व्यक्तिको मानवीय मर्यादा र व्यक्तिगत अधिकारमा समानता हुने मान्यतालाई आत्मसात गर्दै मानव अधिकार र मौलिक हकको संरक्षण तथा दलित समुदायमाथि हुने छुवाछुत र सबै प्रकारका विभेदको अन्त्य गरी दलित समुदायका व्यक्तिलाई सशक्तिकरण गर्दै समानुपातिक सिद्धान्तको आधारमा राज्यका सबै निकाय र तहमा सहभागी गराउन, समावेशीकरण तथा क्षमता अभिवृद्धि लगायत विभिन्न अवसर सृजना गर्ने सम्बन्धमा समयानुकूल व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम, प्रारम्भ र विस्तार : (१) यस ऐनको नाम "दलित सशक्तिकरण ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "जातीय भेदभाव तथा छुवाछुत" भन्नाले जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को दफा ४ बमोजिमको कार्य सम्झनु पर्छ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "दलित" भन्नाले राष्ट्रिय दलित आयोगले सूचीकृत गरेका जातजाती र सूचीकृत बाहेकका हकमा सम्बन्धित स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट दलित भनी प्रमाणित जातजाती सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "विकास समिति" भन्नाले दफा ९ बमोजिम गठन हुने दलित सशक्तिकरण तथा विकास समिति सम्झनु पर्छ ।

(च) "शैक्षिक संस्था" भन्नाले प्रदेशभित्र सञ्चालित सबै शैक्षिक संस्थालाई सम्झनु पर्छ र सो शब्दले कलेज, विश्वविद्यालय तथा शिक्षा प्रदान गर्ने शैक्षिक संस्था समेतलाई सम्झनु पर्छ ।

(छ) "सार्वजनिक पद धारण गरेका व्यक्ति" भन्नाले संविधान, प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने पदमा बहाल रहेका पदाधिकारी वा कर्मचारी सम्झनु पर्छ ।

(ज) "सार्वजनिक समारोह" भन्नाले सार्वजनिक रूपमा आयोजना गरिएको भोजभतेर, पूजापाठ, यज्ञ, अनुष्ठान, जन्म, न्वारन, अन्नप्रासन, विवाह, मृत्यु जस्ता धार्मिक, सामाजिक, शैक्षिक समारोह वा साँस्कृतिक समारोह सम्झनु पर्छ ।

(झ) "सार्वजनिक सेवा" भन्नाले सरकारी वा गैरसरकारी कार्यालय, सार्वजनिक संस्था, यातायात, औद्योगिक वा शैक्षिक प्रतिष्ठान, कम्पनी, फर्म, पसल, होटल, रिसोर्ट, लज, रेष्टुरेन्ट, क्याफे, सिनेमा हल वा नाचघर सम्झनु पर्छ र सो शव्दले कुनै सरकारी वा गैरसरकारी निकायबाट प्रदान गरिने सार्वजनिक प्रयोग वा उपयोगका सेवा र सुविधा समेतलाई जनाउँछ ।

(ञ) "सार्वजनिक स्थल" भन्नाले सरकारी वा गैरसरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, मठमन्दिर, प्राचीन स्मारक, पाटी-पौवा, धारा, इनार, कुवा, न्वालो, पोखरी, चौतारी, सडक वा बाटो रहेको स्थान सम्झनुपर्छ र सो शव्दले सार्वजनिक रूपमा वस्तु वा सेवा बिक्री वितरण गर्ने स्थान समेतलाई जनाउँछ।

(ट) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ।

## परिच्छेद-२
## जातीय विभेद र छुवाछुत अनुगमन तथा सशक्तिकरण समिति सम्बन्धी व्यवस्था

३. <u>प्रादेशिक जातीय विभेद र छुवाछुत अनुगमन तथा सशक्तिकरण समिति:</u> (१) जातीय विभेद तथा छुवाछुत घटनाहरुको अध्ययन, अनुगमन र जातीय विभेद तथा छुवाछुतसम्बन्धी नीति तथा कानूनको कार्यान्वयन, रेखदेख, नियन्त्रण, सुपरीवेक्षण, अनुगमन र सशक्तिकरणका लागि प्रदेशस्तरमा एक जातीय विभेद तथा छुवाछुत अनुगमन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री वा राज्यमन्त्री वा सहायक मन्त्री, मन्त्रालय - अध्यक्ष

(ख) प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलित समुदायका प्रदेश सभा सदस्यहरु - सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) सचिव, मन्त्रालय - सदस्य

(ङ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(च) प्रमुख, प्रादेशिक प्रहरी कार्यालय - सदस्य

(छ) उपन्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ताको कार्यालय - सदस्य

(ज) प्रतिनिधि, प्रदेश मानव अधिकार आयोग - सदस्य

(झ) प्रतिनिधि, प्रदेश दलित आयोग - सदस्य

(ञ) दलित हक अधिकार तथा मानव अधिकारका क्षेत्रमा कम्तीमा ३ वर्षदेखि कार्य गर्दै आएका दलित समुदायका व्यक्ति मध्येबाट समितिले मनोनीत गरेको एक जना महिला सहित तीनजना - सदस्य

(ट) सम्बन्धित विषय हेर्ने महाशाखा प्रमुख, मन्त्रालय - सदस्य सचिव

४. समितिको काम, कर्तव्य र अधिकारः (१) दफा ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जातीय छुवाछुत र भेदभाव तथा अपमानजन्य व्यवहार सम्बन्धी घटनाको अनुगमन गरी कानूनी कारबाहीको लागि सम्बन्धित निकायलाई प्रचलित कानूनको प्रतिकूल नहुने गरी आवश्यक निर्देशन दिने,

(ख) जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ अन्तर्गत फैसला भएका मुद्दाको फैसला कार्यान्वयनको अवस्थाको अध्ययन गरी शीघ्र कार्यान्वयनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने,

(ग) जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सहयोग, सहजीकरण गर्दै अभियान सञ्चालन गर्ने,

(घ) जातीय छुवाछुत र भेदभाव विरुद्ध प्रदेशभित्रका सबै वडामा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ङ) जातीय भेदभाव तथा छुवाछुत अन्त्यको लागि नीति तथा योजना तर्जुमा गर्न प्रदेश सरकारलाई आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्ने,

(च) जातीय छुवाछुत तथा भेदभावको अवस्थाको जानकारी लिने र छुवाछुत तथा विभेद भएको पाइएमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(छ) छुवाछुतबाट पीडित व्यक्तिको परिवारलाई सामाजिक सुरक्षा र क्षतिपूर्तिको व्यवस्था गर्ने, गराउने,

(ज) हलिया प्रथा, बालीघरे प्रथा (खलो प्रथा), डोली प्रथा, सिनो फ्याक्ने प्रथा, काठ काट्ने र बोक्ने प्रथा, पोर्सो बोक्ने प्रथा अन्त्य गर्ने जस्ता विशेष कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(झ) दलितको हक अधिकार संरक्षण र हित प्रवर्द्धनका लागि प्रदेशस्तरीय कार्यक्रम गर्ने,

(ञ) दलित सशक्तिकरण र जातीय विभेद तथा छुवाछुत अन्त्यका लागि वार्षिक कार्यक्रम निर्धारण गरी बजेट व्यवस्थापन गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ट) अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्न रकमको व्यवस्था मिलाउने,

(ठ) जातीय विभेद तथा छुवाछुतका घटनाको वार्षिक प्रतिवेदन प्रकाशन गर्ने,

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने,

(२) समितिको निर्देशन पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

५. <u>स्थानीय जातीय विभेद तथा छुवाछुत अनुगमन समिति</u>: (१) जातीय विभेद तथा छुवाछुतका घटनालाई नियन्त्रण गर्न प्रदेश अन्तर्गतका प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको एक जातीय विभेद तथा छुवाछुत अनुगमन समिति रहनेछः-

(क) स्थानीय तहको प्रमुख वा अध्यक्ष वा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले तोकेको व्यक्ति - अध्यक्ष

(ख) स्थानीय तहले तोकेको गाउँ तथा नगरसभा वा कार्यपालिकाका दलित सदस्यहरुमध्येबाट कम्तीमा एक जना महिला सहित तीन जना - सदस्य

(ग) दलित अधिकारको क्षेत्रमा कम्तीमा तीन बर्षदेखि कार्य गर्दै आएका दलित समुदायका व्यक्तिमध्येबाट स्थानीय तहले मनोनीत गरेको स्थानीय एक जना महिला सहित दुई जना - सदस्य

(घ) फरक फरक दलको प्रतिनिधित्व हुने गरी राजनीतिक दलका प्रतिनिधि तीन जना - सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको सामाजिक शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको कार्यालय सम्बन्धित स्थानीय तहमा रहनेछ ।

६. समितिको काम, कर्तव्य र अधिकारः दफा ५ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जातीय छुवाछुत र भेदभाव तथा अपमानजन्य व्यवहार सम्बन्धी घटनाको अनुगमन गरी कानुनी कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ख) जातीय विभेद तथा छुवाछुत अन्त्य र दलित सशक्तिकरणका लागि कार्यक्रम बनाई वजेट विनियोजन गर्न स्थानीय तहलाई अनुरोध गर्ने,

(ग) जातीय विभेद तथा छुवाछुतजन्य व्यवहार अन्त्यको लागि गाउँस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(घ) प्रचलित कानूनले व्यवस्था गरे बमोजिम दलित विद्यार्थीलाई निःशुल्क तथा अनिवार्य शिक्षा दिलाउने कार्यलाई प्रभावकारी कार्यान्वयन गर्ने, गराउने,

(ङ) स्थानीय तहभित्रका प्रत्येक विद्यालयमा कम्तीमा एक जना दलित शिक्षकको व्यवस्था गर्न पहल गर्ने,

(च) जातीय विभेद तथा छुवाछुतमुक्त वडा/स्थानीय तह घोषणा गर्न पहल गर्ने,

(छ) प्रत्येक दुई दुई महिनामा गाउँस्तरमा जनशक्ति खटाइ जातीय छुवाछुत घटनाको विवरण तयार गरी कसुर गरेको देखिए कानुनी कारबाहीका लागि प्रकृया अगाडि बढाउन सिफारिस गर्ने,

(ज) जातीय विभेद तथा छुवाछुतजन्य घटनाको सूचना दिने व्यक्तिलाई प्रोत्साहन गर्ने,

(झ) तोकिए बमोजिमका अन्य कार्य गर्ने,

७. समितिको बैठक र निर्णयः दफा ३ र ५ बमोजिम गठित समितिको बैठक र निर्णय सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षको निर्देशानुसार सदस्य सचिवले बैठक बोलाउने र बैठकको सूचना बैठक बस्ने दिनभन्दा कम्तीमा तीन दिनअघि सदस्यहरुलाई एजेण्डा सहितको सूचना दिने,

(ख) बैठकको अध्यक्षता अध्यक्षले गर्ने र निजको अनुपस्थितिमा सदस्यहरूले आफूहरु मध्येबाट छानेको कुनै एक जनाले बैठकको अध्यक्षता गर्ने,

(ग) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिने,

(घ) समितिको बैठक बर्षको कम्तीमा चार पटक बस्नुपर्ने,

तर समितिका एक तिहाई सदस्यले उचित कारण खुलाई बैठक बोलाउन अनुरोध गरेमा खण्ड (क) बमोजिम सात दिनभित्र बैठक बोलाउनु पर्ने,

(ङ) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने,

(च) सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गरी निर्णय पुस्तिकामा राख्ने,

(छ) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुने ।

## परिच्छेद-३
## शिक्षासम्बन्धी व्यवस्था

८. <u>निःशुल्क शिक्षाः</u> (१) प्रदेशभित्र सञ्चालित सबै तहका सरकारी तथा सामुदायिक शैक्षिक संस्थामा अध्ययनरत दलित समुदायका विद्यार्थीलाई प्राविधिक र व्यावसायिक बाहेक प्राथमिक तहदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षा प्रदान गरिनेछ ।

स्पष्टीकरणः- यस उपदफाको प्रयोजनका लागि निःशुल्क शिक्षा भन्नाले भर्ना शुल्क, मासिक शुल्क, परीक्षा शुल्क र प्रयोगशाला शुल्कमा पूर्ण छुट दिई पठनपाठन गर्ने कार्य सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम निःशुल्क शिक्षाको लागि प्रदेशभित्रका सबै स्थानीय तहले आवश्यक प्रवन्ध मिलाउनेछन् ।

(३) आर्थिक रुपमा विपन्न तथा डेरा गरी बस्नुपर्ने दलित विद्यार्थीलाई उच्च शिक्षा अध्ययनको लागि तोकिएको मापदण्डको आधारमा दलित महिला,वादी, हलिया र अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिई छात्रावासको व्यवस्था गरिनेछ ।

(४) छात्रावास सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) विद्यालय तथा क्याम्पसले सञ्चालन गरेको छात्रावासमा विपन्न दलित वर्गलाई प्राथमिकतामा दिनु पर्नेछ ।

(६) संघीय सरकारले छात्रवृत्तिका लागि प्रदेश सरकारमार्फत प्रदान गर्ने सशर्त अनुदानको प्रभावकारी कार्यान्वयन गरिनेछ र प्रदेश सरकारले पनि दलित विद्यार्थीलाई स्नातक तहदेखि विद्यावारिधिसम्मको अध्ययन गर्न छात्रवृत्ति सम्बन्धी व्यवस्था गर्नेछ ।

(७) छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) प्रदेशभित्रका सामुदायिक प्राविधिक शिक्षातर्फ इन्जिनियर, विज्ञान, चिकित्सक, कानून, जनस्वास्थ्य, पत्रकारिता, ललितकला लगायत

व्यावसायिक शिक्षालयमा जम्मा सिटसंख्या मध्ये कम्तीमा तेह्र प्रतिशत सिट दलित समुदायका विद्यार्थीका लागि आरक्षित गरी दलितभित्रका विद्यार्थीहरुबिच आन्तरिक प्रतिस्पर्धाका आधारमा छनौट गरी छात्रवृतिसहितको निःशुल्क अध्ययनका लागि पहल गर्नुपर्नेछ ।

(९) विद्यालय तथा क्याम्पसमा दलित समुदायका विद्यार्थीका लागि तोकिए बमोजिमको सिटसंख्या छुट्याउनु पर्नेछ ।

(१०) तोकिएको मापदण्डको आधारमा छनौट भएका विद्यार्थीलाई निःशुल्क अध्यापनको व्यवस्था गर्नुपर्नेछ ।

(११) जातीय भेदभाव तथा छुवाछुतलाई प्रोत्साहन हुने विषयबस्तु पाठ्यक्रमबाट हटाउनु पर्नेछ ।

(१२) प्रदेश सरकारले सामाजिक न्याय स्थापनार्थ योगदान गर्ने दलित समुदायका ऐतिहासिक व्यक्तित्वको जीवनी र सम्बन्धित पर्यटकीय स्थल पाठ्यपुस्तकमा समावेश गराउनु पर्नेछ ।

(१३) जातीय भेदभाव तथा छुवाछुत निरुत्साहित हुने र छुवाछुत गरेमा गरिने उजुरी र दण्डसजाय सम्बन्धी व्यवस्था पाठ्यक्रममा समावेश गरिनेछ ।

## परिच्छेद-४

## दलित सशक्तिकरण तथा विकास समिति गठन सम्बन्धी व्यवस्था

९. दलित सशक्तिकरण तथा विकास समितिको गठनः (१) प्रदेशभित्रका दलित समुदायलाई आर्थिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक रुपमा सक्षम बनाउन र दलित समुदायको हक हितसम्बन्धी कार्यक्रम तथा योजना तर्जुमा एवं कार्यान्वयन गर्न प्रदेशस्तरमा देहाय बमोजिमको दलित सशक्तिकरण तथा विकास समिति गठन गरिनेछः-

(क) मन्त्री, मन्त्रालय - अध्यक्ष

(ख) कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरी दलित समुदायको उत्थान, विकास तथा दलित हक अधिकारका क्षेत्रमा कम्तीमा सात बर्ष काम गरेको व्यक्तिमध्येबाट वा दलितको क्षेत्रमा काम गरेको दलित समुदायको व्यक्तिमध्येबाट प्रदेश सरकारले मनोनीत गरेको एकजना - उपाध्यक्ष

(ग) सचिव, आर्थिक मामिला मन्त्रालय - सदस्य

(घ) सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

(ङ) दलित सशक्तिकरण तथा दलित अधिकारको क्षेत्रमा कार्य गरी विशिष्ट योगदान पुऱ्याएको दलित समुदायको व्यक्तिमध्येबाट प्रदेश सरकारले मनोनीत गरेको कम्तीमा दुईजना महिलासहित पाँचजना - सदस्य

(च) उपसचिव, सम्बन्धित महाशाखा, मन्त्रालय - सदस्य सचिव

(२) खण्ड (ख) र (ङ) बमोजिम नियुक्त हुने पदाधिकारीको पदावधि पाँच बर्षको हुनेछ र निजलाई पुनः नियुक्त गरिने छैन ।

(३) समितिको कार्यालय प्रदेश राजधानीमा रहनेछ ।

(४) समितिको उपाध्यक्षको सेवा सुविधा प्रदेश सरकारको विशिष्ट श्रेणीसरहको हुनेछ ।

(५)मनोनीत सदस्यको सेवा सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(६) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. समितिको काम, कर्तव्य र अधिकारः दफा ९ बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दलित समुदायको आर्थिक, राजनीतिक, सामाजिक, तथा साँस्कृतिक सशक्तिकरण विकासका लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ख) समितिको वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ग) भूमिहीन तथा आवासविहीन दलितको लगत तयार गर्न प्रदेशभित्रका स्थानीय तहसँग सहकार्य तथा समन्वय गर्ने,

(घ) दलित समुदायबाट सञ्चालित परम्परागत पेसा, व्यवसायको व्यवसायीकरण तथा आधुनिकीकरणको लागि सहुलियत दरमा ऋण अनुदान उपलव्ध गराउन प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ङ) दलित समुदायको हक अधिकार सुनिश्चित गर्दै दलित समुदायको क्षमता अभिवृद्धि गर्न गोष्ठी, तालिम तथा सेमिनार सञ्चालन गर्ने, गराउने,

(च) प्रदेशभित्रका दलित समुदायको आर्थिक, राजनीतिक र सामाजिक अवस्थाको अध्ययन गरी प्रदेश सरकारलाई प्रतिवेदन पेश गर्ने,

(छ) प्रदेशस्तरमा दलित सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकालाई सुझाव दिने,

(ज) छुवाछुतसम्बन्धी तथ्याङ्क संङ्कलन, विश्लेषण र प्रकाशन गर्ने, गराउने,

(झ) दलित छात्रवृत्ति सम्बन्धमा आवश्यक योजना बनाउने,

(ञ) दलितको हक अधिकार सम्बन्धमा संविधान र कानूनमा रहेको व्यवस्थाका सम्बन्धमा हाते पुस्तिका बनाई वितरण गर्ने,

(ट) दलित समुदायका हक अधिकार सम्बन्धमा नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन अवस्था अध्ययन गरी प्रदेश सरकारलाई राय सुझाव दिने,

(ठ) हलिया, खलिया प्रथा लगायत दलित समुदायको हित विपरीत विभेदमा आधारित प्रथाजन्य व्यवहार अन्त्यको लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने,

(ड) दलित समुदायका व्यक्तिलाई सिप विकास र जिविकोपार्जनसँग सम्बन्धित सिपमूलक, व्यवसायमूलक तालिम सञ्चालन गर्ने, गराउने,

(ढ) विपन्न गरिब दलितको लगत खडा गरी परिचयपत्र र रासन कार्ड वितरणका लागि प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ण) खण्ड (ढ) बमोजिम रासन कार्ड प्राप्त गरेका दलित समुदायका व्यक्तिलाई प्रदेश सरकारले अत्यावश्यक खाद्यान्न लगायतका वस्तुहरु प्राथमिकताका साथ सहुलियत दरमा उपलव्ध गराउने,

(त) दलित समुदायका परम्परागत सिप र पेसालाई आधुनिकीकरण तथा औद्योगीकरण गर्न विना धितो न्यून ब्याजदरमा ऋण उपलब्ध गराउन योजना बनाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(थ) वैज्ञानिक भूमिसुधारमार्फत भूमिहीन, सकुम्बासी र अव्यवस्थित बसोबासी दलितलाई विशेष प्राथमिकताको आधारमा न्यायिक भूमि वितरणका लागि आवश्यक योजना बनाई कार्यान्वयनका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(द) ऐन जारी भएको तीन वर्षभित्र भूमिहीन दलितलाई भूमि उपलब्ध गराउन संघीय सरकारसँग समन्वय गर्ने कार्यका लागि प्रदेश सरकारलाई सिफारिस गर्ने र

(ध) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद - ५
## विविध

११. **समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गराउनु पर्नेः** (१) प्रदेश सरकारका सबै निकाय तथा संरचनामा समानुपातिक समावेशी सिद्धान्त बमोजिम दलित समुदायको प्रादेशिक जनसंख्याको आधारमा प्रतिनिधित्व गराई सहभागिता सुनिश्चित गरिनेछ ।

(२) उपदफा (१) बमोजिम समानुपातिक समावेशी सिद्धान्तको अवलम्बन गर्दा दलितका लागि आरक्षित सिटमध्ये पचास प्रतिशत सिट दलित महिलाका लागि सुनिश्चित गरिनेछ ।

(३) समानुपातिक समावेशी सिद्धान्त बमोजिम सार्वजनिक तथा सरकारी सेवामा प्रवेश गराउनको लागि दलित समुदायका व्यक्तिका लागि निश्चित कार्यविधिका आधारमा सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२. **साधन श्रोतको वितरणमा पहुँचः** प्रदेशभित्र रहेका साधन श्रोतमा दलित समुदायको पहुँच सुनिश्चित गरिनेछ ।

१३. **जातीय विभेद तथा छुवाछुत नियन्त्रण इकाई सम्बन्धी व्यवस्था**: (१) प्रदेश अन्तर्गतका प्रत्येक जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयमा जातीय विभेद तथा छुवाछुत नियन्त्रण इकाईको गठन गरिनेछ र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको इकाईको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१४. **भन्सार छुटको लागि पहल गर्ने**: (१) परम्परागत व्यवसायलाई प्राथमिकतामा राखी दलित समुदायबाट सञ्चालित पेसा, व्यवसाय, उद्योग, कलकारखानाको लागि आवश्यक मेसिन, पाटपुर्जा र कच्चा पदार्थको आयात गर्दा लाग्ने सरकारी दस्तुरमा तोकिए बमोजिम छुट दिने व्यवस्था गर्न संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।

(२) प्रचलित कानून बमोजिम दलित समुदायले आफ्नो परम्परागत व्यवसाय दर्ता गर्दा लाग्ने शुल्क र नविकरण शुल्कमा आवश्यकता र औचित्यका आधारमा प्रदेश सरकारले तोके बमोजिम छुट प्रदान गर्न सक्नेछ ।

१५. **स्वास्थ्य सम्बन्धी व्यवस्था**: (१) दलित समुदायको व्यक्तिलाई स्वास्थ्यजाँच र स्वास्थ्य उपचारमा तोकिए बमोजिमको छुट तथा सुविधा दिन गरिब र विपन्नताको आधारमा निशुल्क स्वास्थ्य बिमा सुनिश्चित गरिनेछ ।

(२) गरिब तथा विपन्न दलित समुदायको व्यक्तिलाई कडा, जटिल तथा गम्भीर प्रकृतिको रोग लागेमा न्यूनतम् शुल्कमा स्वास्थ्य उपचार गर्ने व्यवस्था गरिनेछ ।

(३) महिला स्वास्थ्य स्वयंसेविका नियुक्त गर्दा दलित जनसंख्याको अनुपातमा अनिवार्य रुपमा दलित महिला स्वास्थ्य स्वयंसेविकाको प्रतिनिधित्व हुने गरी नियुक्त गरिनेछ ।

(४) हरेक दलित बस्तीमा तालिम प्राप्त दलित महिला सुडेनीको व्यवस्था गरिनेछ ।

(५) गरिब तथा विपन्न दलित समुदायको बालबालिका तथा गर्भवती र सुत्केरी महिलाको लागि वृहत पोषण प्रवर्द्धनसम्बन्धी सेवा प्रदेश सरकारले मापदण्ड बनाई लागू गर्नेछ ।

१६. कसूर, सजाय, क्षतिपूर्ति, हदम्याद, क्षेत्राधिकार तथा मुद्दा हेर्ने अधिकारी सम्बन्धी व्यवस्थाः जातीय विभेद तथा छुवाछुत सम्बन्धी कसुर, सजाय, क्षतिपूर्ति, हदम्याद, क्षेत्राधिकार तथा मुद्दा हेर्ने अधिकारी सम्बन्धी व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ ।

१७. कानूनी सहायता सम्बन्धी व्यवस्थाः (१) जातीय विभेद तथा छुवाछुतको कसुरसम्बन्धी अभियोग दर्ता भई मुद्दा विचाराधीन रहेको अवस्थामा मुद्दाको बहस पैरवी तथा प्रतिरक्षाका लागि पीडित वा जाहेरवालाले आफ्नो तर्फबाट निजी कानून व्यवसायी राख्नुपर्ने अवस्था आएमा जाहेरवालाको निवेदन मागलाई विचार गरी प्रदेश सरकारले निःशुल्क कानुनी सहायताको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानूनी सहायता सम्बन्धी व्यवस्था मुख्य न्यायाधिवक्ताको कार्यालयले गर्नेछ ।

(३) कानुनी सहायता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. पीडितको संरक्षण र पुर्नस्थापना सम्बन्धी व्यवस्थाः (१) जातीय विभेद तथा छुवाछुतबाट पीडित व्यक्तिलाई विशेष संरक्षण गर्नुपर्ने अवस्था भएमा पीडितको निवेदन माग बमोजिम मन्त्रालयले निश्चित समयावधिको लागि पीडितको गास, बास र कपास सहितको संरक्षण र समाजमा पुर्नस्थापनाको व्यवस्थापन गर्नेछ ।

(२) माथि जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (१) बमोजिम व्यवस्थापनको जिम्मेवारी मन्त्रालयले आफू मातहतका कार्यालयलाई सुम्पन सक्नेछ ।

(३) पीडितको संरक्षण र पुर्नस्थापना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. नियम बनाउन सक्ने: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२०. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने: यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम कार्यान्वयनका लागि मन्त्रालयले आवश्यक निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

२१. यस ऐन बमोजिम हुने: यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमाणीकरण मिति: २०७९।०१।२२

आज्ञाले,
कमलराज ढकाल
प्रदेश सरकारका सचिव



**मुद्रक: आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्य: रु.१०।-**